जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०    अंक २६५    २०७८ साल असार २८ गते सोमबार (12 July 2021 Monday)    मूल्य रु. ५/-

"सुखी नेपाली सम्वृद्ध नेपालः लैङ्गिक हिंसा मुक्त समाज ।"
"अबको गन्तव्यः लैङ्गिक हिंसा अन्त्य ।"
"तीन तहको सरकारः लैङ्गिक हिंसा अन्त्य सबैको सरोकार ।"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : खोपका अभावमा नागरिक... ३ पृष्ठमा : बिपन्न सुमदायका महिलाहरू ... ३ पृष्ठमा :भारतमा थप ४१ हजार ...

# कोरोना बिरुद्धको खोप लगाएर मदिरा सेवन गर्दा ज्यान गयो



**दैनिक समाचारदाता**
**राजविराज, २७ असार ।**

कोरोना विरुद्धको खोप लगाएकै दिन मदिरा सेवन गर्दा सप्तरीमा एक व्यक्तिको ज्यान गएको छ ।

जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका ७ निवासी ६५ वर्षिय बलराम मण्डलको आईतवार विहान ज्यान गएको हो ।

मण्डलले शनिवार गाउँपालिकाको तोपास्थित उपस्वास्थ्य चौकीमा कोरोना विरुद्धको दोश्रो खोप लगाएको तिलाठी कोइलाडी गाउँपालिका विपद व्यवस्थापन अधिकृत राजेश झाले जानकारी दिएका छन् ।

खोप लगाएर घर फर्केका उनी सोही दिन साँझ गाउकै एक पंचायतीमा सहभागि भएका थिए । पंचायती सकेपछि मदिरा सेवन गरेर घर पुगेका उनलाई मध्यरातमा असहज महशुस भएपछि तिलाठी कोइलाडी उपस्वास्थ्य चौकीमा उपचारका लागि पुगेको स्वास्थ्य चौकीका इन्र्चाज रामकृष्ण साहले जानकारी दिएका छन् ।

विहान ४ वजे तिर उनको जाचँ गर्दा रक्तचाप अत्याधिक देखिएकाले सदरमुकाम राजविराजस्थित गजेन्द्रनारायण सिह अस्पतालमा उपचारका लागि आउँदै गर्दा बाटोमै मृत्यु भएको परिवारजनले बताएका छन् ।

यसैबीच जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुखियालाल यादवले घट्ना खोपको कारण नभई अत्याधिक मदिरा सेवनका कारणले भएको जानकारी दिए ।

यता जिल्लामा कोरोनाको दोश्रो लहरमा अहिले सम्म १ सय १२ जनाले ज्यान गुमाएका छन भने ८५ जना सक्रिय संक्रमित अझै रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# स्थानिय र उपभोक्त समितिबीच विवाद हुँदा बाटो निर्माण काम रोकियो



**दैनिक समाचारदाता**
**राजविराज, २७ असार ।**


सप्तरीको महादेवा गाउँपालिकामा स्थानिय र उपभोक्त समितिबीच विवाद हुँदा बाटो निर्माणको काम रोकिएको छ ।

सो गाउँपालिका १ पकरीमा हिलाम्मे बाटो रहेकोले सो बाटोमा ग्राभेल खसाल्न स्थानियले माग गर्दा उपभोक्ता समितिले नमानेका कारण सो विवाद भएको हो ।

उपभोक्ता समितिले चन्द्र नहरको डिलमा ग्राभेल खसाल्न खोज्दा स्थानीयले टोलमा रहेको हिलाम्मे बाटोमा ग्राभेल खसाल्नु पर्ने अडान राख्दा दुबै पक्षबीच विवाद भएको प्रहरीले जनाएको छ ।

स्थानिय र उपभोक्ता समितिका पदाधिकारीबीच विवाद

*बाँकी तीन पृष्ठमा*




# सप्तरीमा महिला र बालबालिका हिंसाका घटनामा बृद्धि : इन्सेक



**दैनिक समाचारदाता**
**राजविराज, २७ असार ।**

सप्तरीमा महिला र बालबालिका हिंसाका घटनामा बृद्धि भएको आइतबार राजविराजमा आयोजित एक कार्यक्रममा तथ्याङ्क मार्फत सार्वजनिक गरिएको छ ।

नेपाल मानव अधिकार वर्षपुस्तक २०२२ का लागि सप्तरीमा संकलन गरिएको मानव अधिकार उल्लघंन र ज्यादतीका घटनाहरूको प्रकाशन पूर्व राजविराजमा सम्पन्न अर्द्धबार्षिक समीक्षा गोष्ठीमा सो तथ्याङ्क सार्वजनिक गरिएको हो ।

इन्सेक सप्तरीले सन् २०२१ को जनवरीदेखि जुनसम्मको अवधिमा ५५ वटा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना भएको जनाएको छ ।

इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेलले प्रस्तुत गरेका प्रतिवेदनमा जिल्लाको डाक्नेश्वरी नगरपालिका ३ हटेलकी ९ वर्षीया शिवानीकुमारी यादवको बलात्कार गरी हत्या गरेको आरोपमा छिमेकी १९ वर्षीय रोहितकुमार यादव पक्राउ परेको जनाएका छन् ।

बालिका बलात्कारका १२ घटनामा ५/६ देखि १८ वर्षका १३ जना पीडित भएका छन् । आरोपितमा १५ देखि ७१ वर्षका १३ जना छन् । आरोपितमध्ये बुवासहित ४ जना पुर्पक्षका लागि थुनामा छन, ६ जना फरार, १ बालक अभिभावकको जिम्मामा र १ धरौटीमा रिहा भएको तर, एउटा उजुरी दर्ता नभएको प्रतिवेदनमा उल्लेख छ ।

महिला बलात्कारका ६ घटना, गैरराज्यबाट २ पुरुषको कुटपिटमा हत्या, बालयौन दुर्व्यवहारको ३ घटना, महिला बलात्कार प्रयासका ६ घटना, बहुविवाहका ४ घटना लगायतका घटना प्रतिवेदनमा उल्लेख गरिएको छ ।

आयोजित गोष्ठीमा कार्यक्रमका प्रमुख जिल्ला न्यायाधीश चन्द्रमणि ज्ञवालीले आ-आफ्नो क्षेत्रबाट मानव अधिकार संरक्षणमा जिम्मेवार भूमिका निर्वाह गर्न इन्सेकले प्ररित गरेको बताउँदै मानव अधिकार हननका घटना कम गर्न तथा शिघ्र र सुलभ न्यायमा पहुँच पुऱ्याउन सबैको सतर्कता जरुरी रहेको बताए ।

प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले पदीय व्यक्तिमा आफूलाई विशेष ठान्ने मानसिकता र सर्वसाधारणमा चेतनाको अभाव ठूलो समस्याका रुपमा रहेको बताए ।

राजविराज नगर उपप्रमुख साधना झाले जनता सचेत नभएसम्म परिवर्तन असम्भव रहेको भन्दै मानसिकतामा परिवर्तन नल्याएसम्म समस्या राखेर मात्र परिवर्तन नहुने बताइन् ।

इन्सेकका केन्द्रीय सदस्य एवम प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाको अध्यक्षतामा भएको गोष्ठिमा जिल्ला बार इकाई सप्तरीका अध्यक्ष डोमन साह, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास, नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष धिरेन्द्र साह, अधिवक्ता मनु खनाललगायतले विभिन्न सुझाव

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय ....

### पुनः महिला हिंसा बृद्धि

विभिन्न बहानामा महिलालाई मानसिक तनाव, शारीरिक यातना तथा हत्या जस्ता क्रियाकलापले सप्तरीमा मात्र नभएर प्रदेश नं. २ मै ठूलो रुप लिइरहेको छ। जसले गर्दा विगतको तुलनामा महिला हिंसा बढ्दै गइरहेको छ।

महिला हिंसा बृद्धि हुनेमा दाइजोसँगै पारिवारिक कलहसमेत मुख्य रुपमा देखिएको छ। मुलुक नयाँ नेपाल तर्फ उन्मुख भइसको अवस्थामा समाजमा देखिएका यस्ता रुढीवादी, संकुचित विचारको उपज नै महिला हिंसामा केन्द्रित हुनजान्छ।

यस्ता प्रकारको सामाजिक कुरितीलाई बहिष्कृत गर्न मात्र कानुनमा सीमित नगराएर कार्यान्वय समेत गर्न सबै सरोकारवालाहरुले ढिलो भए पनि आजैदेखी तदारुकता देखाउनु आवश्यक रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# खोपका अभावमा नागरिक तड्पिनु पर्दैन : प्रधानमन्त्री ओली

काठमाडौँ, २७ असार (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले कोभिड-१९ विरुद्ध लगाइने खोपका अभावमा नागरिक तड्पिनु नपर्ने स्पष्ट पार्नुभएको छ। नेपालकै सबैभन्दा पुरानो अस्पताल वीर अस्पतालको नवनिर्मित सर्जिकल भवन उद्घाटन समारोहलाई आइतबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले अधिकतम प्रयास गरेर जनताको जीउज्यानको सुरक्षामा सरकार गम्भीरताका साथ लागिरहेकाले नियमितरुपमा खोप आइरहने विश्वास दिलाउनुभयो।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "भ्याक्सिन उपलब्ध गराएका छौँ, भ्याक्सिन आइरहेको छ, हिजो आयो, भोलि पनि आउँछ, त्यसपछि पनि आउँछ, जति सक्दो चाँडो ठूलो सङ्ख्यालाई खोप उपलब्ध गराउने कुरामा नयाँनयाँ सम्झौताका लागि प्रयास भइरहेको छ।" उहाँले यस वर्षको अन्तिम (सन् २०२१) भित्र सबै जनतालाई खोप लगाइसक्ने योजना सार्वजनिक गर्नुभयो। प्रधानमन्त्री ओलीले थप्नुभयो, "अब खोपको अभावबाट हामी तड्पिनुपर्ने अवस्था आउँदैन, केही समय त्यस्तो स्थिति आउला कि जस्तो देखिएको थियो, अब नपाउने स्थिति हामीकहाँ छैन, सबैलाई खोप लगाएर सुरक्षित राख्न सक्छौँ।" उहाँले स्वास्थ्य क्षेत्रमा उपचारका सुविधा बढाउँदै नेपाली जनताको जीवन रक्षामा सरकार सफल हुने विश्वास व्यक्त गर्नुभयो।

**कोभिडको तेस्रो/चौथो लहरतर्फ सचेतता**

'जीवन पहिला' भन्ने नाराका साथ कोभिडविरुद्धको लडाइँ अघि बढाइएको उहाँले स्मरण गराउनुभयो। "जनताको जीवन नै सबैभन्दा ठूलो प्राथमिकताको विषय हो, त्यो नै ठूलो सम्पत्ति हो र जीवनको रक्षा सबैभन्दा ठूलो कर्तव्य हो", प्रधानमन्त्रीले भन्नुभयो। उहाँले स्वास्थ्य सेवाको पर्याप्तता नभएको र साधन स्रोतको न्यूनता रहेको नेपालमा ठूलो सफलताका साथ कोभिड नियन्त्रण गरिएको बताउनुभयो। कोभिडको तेस्रो/चौथो लहर चल्छ भन्ने कुरा आएको तर्फ सचेत गराउँदै प्रधानमन्त्रीले नागरिकलाई लापरवाही नगरी सजगता अपनाउन आग्रह गर्नुभयो।

वीर अस्पताल विविध कारणले सञ्चालन परिचालन र विकास अपेक्षाकृत हुन नसकेको तर्फ ध्यानाकर्षण गराउँदै उहाँले मानवीय र सेवाभावबाट प्रेरित भएर सम्पूर्ण शक्ति परिचालन गरी प्रभावकारी सेवामा जुट्न अस्पताल प्रशासनलाई निर्देशन दिनुभयो। उहाँले बिरामी र आफन्तसँग गरिने व्यवहारमा सुधारको खाँचो औँल्याउँदै स्वास्थ्य बलियो राख्न खानपिन र आहारविहारमा सुधार गर्न नागरिकलाई सुझाव दिनुभयो।

नेपाल धर्तीकै ज्ञान प्रारम्भ भएको, चिकित्सा विज्ञान, शल्यक्रिया, औषधि विज्ञानको शुरुआत भएको मुलुक भएर पनि बीचमा त्यस्ता उपलब्धि हराउँदै गएको प्रसङ्ग जोड्दै प्रधानमन्त्री ओलीले नेपालमा साढे दुई हजार वर्षअघि शल्यक्रिया विज्ञानको विकास गरिएको, त्यसको महत्वपूर्ण पक्ष चिकित्साशास्त्रको 'श्रुतिसंहिता' र औषधि विज्ञानको 'चरकसंहिता' भएको तथा त्यसैका आधारमा आयुर्वेदको विकास भएको बताउनुभयो।

औषधि विज्ञानको प्रभावकारिता विश्वको कुनै पनि विश्वविद्यालयमा रहेको तर नेपालमा भने विश्वास हराउँदै गएकामा उहाँले चिन्ता प्रकट गर्नुभयो। प्रधानमन्त्री ओलीले त्यस अवस्थाबाट वीर अस्पतालको शुरुआत भएको र यसले नै स्वास्थ्य शिक्षाको शुरुआत गरेर अर्को ऐतिहासिक काम गरेकामा प्रशंसा गर्नुभयो।

प्रधानमन्त्री ओलीले विगतमा जस्तो नभई वर्तमान नेपालको चिकित्सा क्षेत्र धेरै बलियो भइसकेको धारणा व्यक्त गर्नुभयो। "हिजो हामीकहाँ धेरै अभाव थियो, मेरै मिर्गौला प्रत्यारोपण (२०६४ साल साउन) भारतमा गरिएको थियो, अहिले नेपालमा सफलताका साथ प्रत्यारोपण हुने स्थिति आएपछि दोस्रोपटक नेपालमै गर्न पाएको छु", प्रधानमन्त्रीको भनाइ थियो। उहाँले बाहिरभन्दा सफलतापूर्वक र व्यवस्थित ढङ्गले नेपालमा उपचार पद्धतिको विकास भएको आफ्नै अनुभव सुनाउनुभयो।

प्रधानमन्त्री ओलीले आफ्नो दोस्रो मिर्गौला प्रत्यारोपण गर्दा रु सात/आठ लाख लागेकामा त्यही उपचार बाहिर भएको भए कम्तीमा रु २० देखि २५ लाख लाग्ने जिकिर गर्नुभयो। कोरोना महामारीका बेला पहिलो पटक हङकङमा स्वाब परीक्षण गराउनुपरेको यथार्थ सुनाउँदै प्रधानमन्त्री ओलीले अहिले १०० भन्दा बढी ठाउँबाट परीक्षण भइरहेको जानकारी गराउनुभयो।

स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति बढिरहेको, विशिष्टीकृत अस्पताल बनेको, उपकरण उपलब्धताका हिसाबले समेत चिकित्सा क्षेत्र धेरै माथि बढिसकेको जनाउँदै उहाँले तीन वर्षमा स्वास्थ्य क्षेत्रले ठूलो फड्को मारेको बताउनुभयो। स्वास्थ्य क्षेत्रलाई सरकारले पनि सबै हिसाबले आधुनिक र सुविधायुक्त बनाउँदै लगेको जानकारी दिँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "ज्ञान, शास्त्र, अक्षर, गणित र अङ्क नेपालमै उत्पन्न भएको हो, यसलाई फेरि पनि ज्ञानको उत्पादन र वितरणको केन्द्र बनाउनुपर्छ।"

**स्वास्थ्य क्षेत्रलाई सर्वसुलभ बनाउन अनुरोध**

नेपालमा जस्तो सस्तो उपचार कहीँ पनि नभएको बताउँदै प्रधानमन्त्री ओलीले नेपालको स्वास्थ्य क्षेत्रलाई सर्वसुलभ बनाउन सम्बद्ध सबैमा अनुरोध गर्नुभयो। उहाँले वीर अस्पतालले पुरानो प्रभाव र प्रतिष्ठालाई अझै माथि उठाउने विश्वास व्यक्त गर्दै चिकित्सा उपचार गरेर मात्रै नहुने भएकाले बिरामीप्रति गर्ने व्यवहार र मनोवैज्ञानिक उपचारतर्फ पनि ध्यानाकर्षण गराउनुभयो।

अस्पताल भवन मात्रै नभई सेवाको मन्दिर हो भन्ने भावनाका साथ काम गर्न प्रधानमन्त्री ओलीले कर्मचारीलाई सुझाव दिँदै अस्पताललाई पूर्ण क्षमतामा लैजान निर्देशन दिनुभयो। प्रधानमन्त्री ओलीले वीर अस्पतालको भवनलगायत विभिन्न परियोजना समयमै निर्माण सम्पन्न गरी राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउने निर्माण कम्पनीलाई धन्यवाद दिनुभयो। उहाँले चिकित्सा सेवाको आवश्यकता बोध गरी यस क्षेत्रमा नयाँ थालनी गर्ने वीरशम्शेरप्रति पनि आदरभाव व्यक्त गर्नुभयो।

समारोहमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति प्रा डा देवनारायण शाहले नवनिर्मित सर्जिकल भवन ५०९ शय्याको रहने जानकारी गराउनुभयो। सर्जिकल विधाको सेवा, शिक्षा र अनुसन्धानमा यसले नयाँ आयाम थप्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। उहाँले भवन निर्माणका क्रममा दुर्घटनामा मृत्यु भएका दुई मजदूरका परिवारलाई अस्पतालबाट हुने सबै स्वास्थ्य सेवा उपलब्ध गराइने घोषणासमेत गर्नुभयो।

वीर अस्पतालका प्रमुख प्रशासकीय अधिकृत प्रा डा जागेश्वर गौतमले अस्पतालबाट विशिष्टीकृत विशेषज्ञ सेवा दिइने जानकारी गराउँदै सरकारबाट थप रु पाँच अर्ब प्राप्त भए अस्पतालले सेवा निःशुल्क गर्न सक्ने पनि जानकारी दिनुभयो। समारोहमा भवन निर्माण गर्ने एक चिनियाँ र दुई नेपाली कम्पनी (जेडआइइसी-शर्मा रसुवा जेभी) का प्रतिनिधि रमेश शर्माले सरकारले कोभिडका कारण

*बाँकी तीन पृष्ठमा*

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# बिपन्न सुमदायका महिलाहरू पोषण सम्बन्धी एकीकृत तालिम




**दैनिक समाचारदाता**
**राजविराज, २७ असार ।**
बिपन्न गरिव समुदायका सुनौलो हजार दिनका महिलाहरूलाई दुई दिने एकीकृत तालिम सम्पन्न भएको छ ।

राजबिराज नगरपालिका कार्यालयको आयोजनामा बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत नगरका वडा नम्बर १, ७ र ८ मा गर्भवति, सुत्केरी महिलाहरूलाई कुपोषणमा सुधार ल्याउन तालिमको आयोजना गरिएको हो ।

गर्भवति तथा सुत्केरी महिलाहरूलाई खानपान, स्याहार र सरफाईमा उचित ध्यान दिन तथा जनचेतना फैलाउनका लागि सुनौलो हजार दिनका महिलाहरूलाई शिशु स्याहार गर्न र कुपोषण दर घटाउन सहजिकरण गरिएको नगरपालिका पोषण सहजकर्ता रंजिता यादबले बताईन ।

उक्त तालिममा सुनौलो हजार दिन महिलाहरूलाई शिशु स्याहार सँगै उनीहरूलाई हरेक बार खाना चार अर्थात अन्य, दलहन, पहलो फलफुल, सागसब्जी, र पशुजन्य खाना खुवाउन गरि चार समुहका खाना खुवाउनु पर्नेमा बताईएको छ ।

सो तालिममा राजबिराज नगरपालिका पशु बिकास शाखा, स्वास्थ शाखा, कृषि शाखा, खानेपानी सरसफाई शाखा, महिला बिकास शाखा, शिक्षा शाखा लगायत का ७ वटै शाखाका प्रमुखहरूले सुनौलो हजार महिलाहरूलाई बानी व्यवहार र वालवालिकाहरूको कुपोषित हुन नदिन का तालिमको आयोजना गरिएको राजबिराज नगरपालिकाका प्रशासन प्रमुख मनोज यादब बताए ।

राजबिराज नगरपालीकका प्रमुख प्रशासकिय अधिकृत मदनकुमार थापा, शिक्षा शाखा भोगेन्द्र यादब, स्वास्थ शाखा प्रमुख निरन्जन यादब, पशु बिकास शाखा प्रमुख परमेश्वर यादब, कृषि बिकास अधिकृत हरिनारायण यादब, महिला बिकास शाखा अधिकृत अनिता चौधरी लगायतले तालिमको सहजिकरण गरेका थिए ।

# जसपा खारेजको माग गर्दै सर्वोच्चमा रिट

काठमाडौं, २७ असार (रासस) ।
सर्वोच्च अदालतमा जनता समाजवादी पार्टी (जसपा) खारेज गर्न आदेशको माग गर्दै रिट निवेदन दायर गरिएको छ ।

निर्वाचन आयोग र जसपालाई विपक्षी राजपाका तत्कालीन उपाध्यक्ष राजकुमार थापाको तर्फबाट अधिवक्ता हृदयराज मिश्रले आइतबार दायर गरेको रिट निवेदनमा जसपालाई खारेज गर्न माग गरिएको हो ।

तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) र समाजवादी पार्टी नेपालबीचको एकीकरण संविधान र कानूनी रुपमा अवैधानिक भएको र कार्यसमितिमा ३३ प्रतिशत महिला पनि नभएको रिट निवेदनमा छ ।

रिट निवेदनमा मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म जसपाको राजनीतिक क्रियाकलाप, सदस्य हेरफेर तथा अन्य सबै काम कारवाही यथास्थितिमा राख्न र राजनीतिक गतिविधिको सिलसिलामा हुने निर्णय समेत रोक्न आदेशको माग गरिएको छ ।

# राष्ट्रियसभाबाट प्रधानमन्त्री चयन हुनुपर्ने माग

काठमाडौं, २७ असार (रासस) ।
नेकपा (एमाले)का नेता वामदेव गौतमले राष्ट्रियसभाबाट पनि प्रधानमन्त्री चयन हुने र बजेट प्रस्तुत गर्न सकिने संवैधानिक प्रबन्ध मिलाउन आवश्यक रहेको बताउनुभएको छ । उहाँले सङ्घीय संसद्को एउटा महत्वपूर्ण अङ्ग राष्ट्रियसभाबाट पनि प्रधानमन्त्री चुन्न र बजेट प्रस्तुत गर्ने व्यवस्थाका लागि सभाले प्रस्ताव पारित गर्न जरुरी रहेको धारणा व्यक्त गर्नुभयो ।

राष्ट्रियसभाको आइतबारको विशेष समयमा भाग लिँदै नेता गौतमले भन्नुभयो, "राष्ट्रियसभामा यदि हलले आवश्यकता ठान्छ र मैले भनेको प्रस्ताव मञ्जुर गर्छ भने हामी आज यो पास गरौं, आगामी आर्थिक वर्षको बजेट वक्तव्य यहीं आएर अर्थमन्त्रीले प्रस्तुत गर्नुस् । यहाँबाट छलफल गरेर पारित गर्न पाइयोस् ।"

संविधानमा प्रतिनिधिसभाको तुलनामा राष्ट्रियसभाको मानमर्यादामा कमी नरहेको र यसमा सिङ्गो राष्ट्रको प्रतिनिधित्व रहेको उहाँले बताउनुभयो । "अहिले प्रतिनिधिसभा छैन, सङ्घीय संसद्को अभिन्न अङ्गका रुपमा रहेको राष्ट्रियसभाले सदन बाहिर प्रस्तुत गरेको बजेटलाई किन मान्नुपर्ने ? यहीं बजेट प्रस्तुत हुनुपर्छ", उहाँले भन्नुभयो । पार्टीको घोषणापत्रअनुसार अघिल्ला तीन वर्षमा बजेट नआएको विचार राख्दै नेता गौतमले घोषणापत्रअनुसार चल्ने कि मनमौजी किसिमले अघि बढ्ने भनी प्रश्न गर्नुभयो । सामाजिक सुधार आफ्नो पार्टीको परम्परा र पहिचान भएको उल्लेख गर्दै उहाँले बजेटमा समाजवादको खाका नसमेटिएको टिप्पणीसमेत गर्नुभयो ।

### *खोपका अभावमा ...*


छ महिना समयसीमा बढाएको भए उक्त समय पनि नलिई तोकिएको समय अगावै भवन निर्माण सम्पन्न गरेर हस्तान्तरण गरिएको जानकारी दिनुभयो । भवन निर्माणको समय यही २०७८ कात्तिकसम्मको थियो । समारोहमा प्रधानमन्त्री ओलीले तोकिएको समयअगावै निर्माण सम्पन्न गरेकामा निर्माण कम्पनीलाई कदरपत्रसहित सम्मान गर्नुभएको थियो ।

### *स्थानियको अवरोधका ...*

पश्चात् झडपको अवस्था सृजना भएपछि हाललाई काम स्थगित गरिएको छ । झडपको अवस्था सृजना भएपछि पुगेको प्रहरी टोलीको हस्तक्षेपका कारण स्थिती समान्य पारिएको थियो ।

उपभोक्ता समितिका पदाधिकारी र स्थानीय टोलवासी बीच सहमति नभएसम्मका लागि काम समेत रोकाइएको प्रहरीले जनाएको छ ।

यता गाउँपालिकाका अध्यक्ष दिपक कुमार यादवले गाउँपालिकाको २०७७/७८ को बजेटबाट चन्द्र नहरको डिलमा ग्राभेल हाल्नु पर्ने भएकोले सोही अनुसार उपभोक्ता समितिले काम गरेको बताए ।



## विश्व समाचार

# भारतमा थप ४१ हजार संक्रमित

नयाँ दिल्ली, २७ असार (रासस/एएनआई) ।
भारतमा कोरोनाभाइरसबाट पछिल्लो एक दिनमा थप ४१ हजारभन्दा बढी सङ्क्रमित भएका छन् ।

सरकारी अधिकारीले आइतबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा ४१ हजार ५०६ जना सङ्क्रमित भएका हुन् ।

सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले नयाँ थपिएकासँगै भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेका सङ्क्रमितको सङ्ख्या चार लाख ५४ हजार ११८ रहेको छ ।

अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या कुल सङ्क्रमितको सङ्ख्याको १.४७ प्रतिशत रहेको पनि मन्त्रालयका अधिकारीले जानकारी दिएका छन् ।

भारतमा कोरोनाभाइरसका कारण पछिल्लो २४ घण्टामा थप ८९५ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाको कुल सङ्ख्या चार लाख आठ हजार ४० पुगेको छ ।

कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भएकाको सङ्ख्या भारतमा दुई करोड ९९ लाख ७५ हजार ६४ पुगेको छ । ती मध्ये पछिल्लो एक दिनमा ४५ हजार २५४ जना सङ्क्रमणमुक्त भएका छन् ।

भारतमा कोरोनाभाइरसबाट कुल सङ्क्रमितमध्ये अहिलेसम्म ९७.२० प्रतिशत सङ्क्रमण मुक्त भएको पाइएको छ ।

# ब्राजिलमा कोभिडबाट एकै दिन एक हजार २०० भन्दा बढीको मृत्यु

साओ पाओलो, २७ असार (रासस/सिन्ह्वा) ।
ब्राजिलमा कोभिड-१९ को सङ्क्रमणबाट एकै दिनमा एक हजार २०० भन्दा बढीको ज्यान गएको बताइएको छ । आइतबार यहाँका स्वास्थ्य अधिकारीले सो जानकारी दिएका छन् ।

उनीहरुका अनुसार यहाँ एकै दिनमा एक हजार २०५ जनाको यस सङ्क्रमणबाट निधन भएको हो । योसँगै ब्राजिलमा अहिलेसम्ममा ज्यान जाने व्यक्तिको संख्या पाँच लाख ३२ हजारभन्दा बढी पुगेको बताइएको छ । ब्राजिलका स्वास्थ्य अधिकारीले आइतबार सो कुरा बताएका छन् ।

यसैगरी यहाँ गएको २४ घन्टामा ४८ हजारभन्दा बढी व्यक्ति यहाँ सङ्क्रमित भेटिएका छन् । आइतबारसम्ममा यहाँका एक करोड ९० लाख ९८ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित हुन पुगेको स्वास्थ्य क्षेत्रका अधिकारीले जानकारी दिएका छन् ।

ब्राजिलको स्वास्थ्य मन्त्रालयले आइतबार दिएको जानकारीमा पछिल्लो समयमा मृत्यु हुने प्रतिशत पनि दिन प्रतिदिन बढ्दै गएको छ । कोरोनाको नयाँ प्रजातिको भाइरसको पनि प्रकोप देखिएको ती अधिकारीले जनाएका छन् ।

ब्राजिलका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार यहाँका प्रतिएक लाख जनामा २५३ जनाको मृत्यु भएको बताइएको छ । यो मृत्युको प्रतिशत गएका केही महिनाअघि मात्र हेर्दा प्रतिएक लाख जनसंख्या सङ्क्रमणमा कम्तीमा पनि १३३ जनाको ज्यान जाने गरेको पनि बताइएको थियो ।

ब्राजिलको साओ पाओलो शहर सुरुदेखि नै यो सङ्क्रमणको एक किसीमले केन्द्रबिन्दुको रूपमा रहेको पनि पाइएको छ । यस शहरका स्वास्थ्य संस्था भरिएका छन् भने ती संस्थाका करिब ९१ प्रतिशत जति आकस्मिक कक्ष पनि भरिएका पाइएको छ ।

यहाँको सरकारले कोभिड-१९ विरुद्धको खोप लगाउने कामलाई प्राथमिकता दिइएको छ । खोप लगाउने कामलाई राष्ट्रिय अभियानका रुपमा सञ्चालन गरिएको बताइएको छ ।

# भारतले कान्दाहारको कन्सुलेट कार्यालयबाट आफ्ना कर्मचारीलाई फिर्ता गर्‍यो

नयाँ दिल्ली, २७ असार (रासस/सिन्ह्वा) ।
अफगानिस्तानको कान्दाहारमा रहेको आफ्नो कूटनीतिन नियोगबाट भारतले आफ्ना कर्मचारीलाई फिर्ता लगेको बताएको छ । अफगानी सेना र तालिबानीहरुबीच कान्दाहार प्रान्तमा केही दिनयता देखि तनाब बढेको छ ।

सो क्षेत्रमा तनाव बढ्न थालेपछि भारतले आफ्ना कर्मचारीलाई कान्दाहारमा रहेको नियोगबाट फिर्ता गरेको बताएको हो । भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले आइतबार यस विषयमा जानकारी दिनुभयो ।

अफगानिस्तानको दक्षिणी कान्दाहार शहरमा तालिबानी लडाकूले कब्जा गर्न थालेको भन्ने समाचार आएपछि भारतले सो शहरमा रहेको आफ्नो नियोगबाट आफ्ना कर्मचारीलाई बाहिर निकालेको जनाएको छ ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले भारतले अस्थायीरुपमा यो काम गरेको जानकारी आइतबार दिनुभएको हो । भारतले आफ्नो कर्मचारीलाई शनिबार नै सो शहरबाट फिर्ता गरेको थियो ।

प्रवक्ता अरिन्दम बागचीले तर सो स्थानमा रहेको भारतको कन्सुलेट कार्यालय भने बन्द गरेको छैन । आफ्ना कर्मचारीको सुरक्षाका लागि उनीहरुलाई कान्दाहारबाट फिर्ता गरिएको तर कन्सुलेट कार्यालय भने बन्द नगरिएको उहाँले बताउनुभयो ।

साथै प्रवक्ता बागचीले भारतीय अधिकारीले अफगानिस्तानमा विकसित सुरक्षा चुनौतीलाई नजिकबाट नियालिरहेको पनि बताउनुभयो । उहाँले पछिल्लो समयमा अफगानिस्तानमा विकसित भएको परिस्थिति र त्यहाँको सुरक्षा अवस्थाका बारेमा भारतले नियालेको उहाँले बताउनुभयो ।

प्रवक्ता बागचीले भन्नुभयो, 'कान्दाहारमा रहेको भारतको कन्सुलेट जनरल कार्यालय बन्द भएको छैन । तत्कालको लागि कान्दाहार सहर नजिकै युद्ध भइरहेकोले भारतीयको सुरक्षाका कारण उनीहरुलाई फिर्ता ल्याइएको हो ।

# गर्भवति र सुत्केरी महिलालाई अण्डासहितको पोषणयुक्त सामाग्रि बितरण



**दैनिक समाचारदाता**
**राजविराज, २७ असार ।**

राजविराजस्थित विपन्न समुदायका गर्भवति र सुत्केरी महिलालाई आइतबार अण्डासहितको पोषणयुक्त सामग्री बितरण गरिएको छ ।

बहुक्षेत्रिय पोषण योजना कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका राजबिराज वडा नं. १, ७ र ८ का गर्भबति, सुत्केरी महिलाहरूलाई ती पोषण सामग्री बितरण गरिएको हो ।

राजबिराज वडा १ स्थित महाकबि देवकोटा आधारभुत बिद्यालयबाट राजबिराज नगरपालिका उपप्रमुख साधना झाले पोषण झोला बितरण गर्दै कार्यक्रमको सुरूवात गरेकी छिन ।

गर्भबति, सुत्केरी महिलाहरूलाई पोषण समाग्रि बितरण गर्दै उपप्रमुख झाले बालवालिकाको खानपान, स्याहार र सरफाईमा उचित ध्यान नदिएकै कारण बालवालिका कुपोषित हुने गरेको बताईन ।

दुई क्रेट अण्डा, प्रोटिनो १ डब्बा, २ थान साबुन, प्लाष्टिकको भाडो १ थान, बाल्टिन १ थान, जग र मग १/१ थान गरी ६० जना वडाका गर्भवति, सुत्केरी महिलाहरूलाई पोषण झोला बितरण गरिएको राजबिराज नगरपालिका पोषण सहजकर्ता रंजिता कुमारी यादबले बताईन ।

यसरी निशुल्क पोषणयुक्त सामाग्रि पाएपछि विपन्न समुदायका गर्भवति र सुत्केरी महिलालाई खुशी भएका छन् ।

सो अवसरमा प्रमुख प्रशासकिय अधिकृत मदन बहादुर थापा, राजबिराज वडा नम्वर ८ का वडा अध्यक्ष जय नारायण मण्डल, नगर पोषण समिति संयोजक तथा वडा ३ का अध्यक्ष सुदर्शन सिँह, राजबिराज वडा १ का वडा अध्यक्ष चन्द्रशेखर चौधरी, वडा ७ का अध्यक्ष मागीलाल नाई, पशु सेवा अधिकृत परमेश्वर यादब, संचारकर्मी चन्दनकुमार यादब लगायतको उपस्थिति रहेको थियो ।

यस्तै आइतबारै राजबिराज नगरपालिका कृषि शाखाले ६० जना महिलाहरूलाई मेवाको बोट र बिउबिजन समेत बितरण गरिएको कृषि शाखा प्रमुख हरि नारायण यादबले बताए ।

# अमेरिकाले दिने १५ लाख डोज खोप सोमबार नेपाल पुग्ने

वाशिङ्टन डिसी, २७ असार (रासस) ।

अमेरिकी सरकारले कोभ्याक्सअन्तर्गतको कोरोना भाइरस विरुद्धको १५ लाख डोज खोप नेपाललाई प्रदान गरेको छ । अमेरिकी खोप उत्पादक कम्पनी जोन्सन एण्ड जोन्सनको खोप ब्रसेल्सबाट स्थानीय समयअनुसार आइतबार नेपालका लागि प्रस्थान गर्ने र सोमबार बिहान नेपाल पुग्ने कार्यतालिका रहेको छ ।

उक्त खोप एक मात्रा लगाए पुग्ने खोप हो । कोरोना भाइरस विरुद्धको लडाइँमा अमेरिकी सरकारले नेपाललाई गरेको सहयोगअन्तर्गत खोप एउटा महत्वपूर्ण सहयोग हो । अमेरिकाका लागि नेपालका राजदूत डा युवराज खतिवडाले महाविपत्तिको बेलामा मित्र राष्ट्र अमेरिकाको सहयोग महत्वपूर्ण भएको बताउनुभयो । रासससँग उहाँले भन्नुभयो, “अमेरिकी सरकारको सहयोगका लागि नेपाल सरकारका तर्फबाट म अमेरिकी सरकार र यहाँका जनताप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

राजदूत खतिवडाले राष्ट्रपति विद्यादेवी भण्डारीले प्रेषित गर्नुभएको पत्रको प्रत्युत्तरमा अमेरिकी राष्ट्रपति जो वाइडेनले नेपाललाई अधिकतम सहयोग गर्ने बताउनुभएको जानकारी दिनुभयो । राष्ट्रपति वाइडेनले राष्ट्रपति भण्डारीलाई प्रेषित गर्नुभएको पत्रलाई उदधृत गर्दै राजदूत खतिवडाले भन्नुभयो, “अमेरिकी सरकारले जी-७ को बैठकले पारित गरेको खोपसम्बन्धी निर्णयलाई कार्यान्वयन गर्नेछ ।” हालै सम्पन्न जी-७ को बैठकले विश्वव्यापीरूपमा खोप वितरणलाई उच्च प्राथमिकतामा राखिने निर्णय गरेको थियो ।

अमेरिकाका सङ्घीय सरकारका जनप्रतिनिधिमार्फत नेपाललाई खोप उपलब्ध गराउनका लागि समन्वय गर्दै आउनुभएका मेरिल्याण्ड जनरल एसेम्बलीका विधायक ह्यारी भण्डारीले अमेरिकी सरकारले नेपाललाई हरेक सहयोगमा प्राथमिकतामा राख्दै आएको बताउनुभयो । “कोरोना भाइरसका कारणले नेपालको अवस्था गम्भीर रहेको विषयलाई राजनीतिक तहमार्फत जनप्रतिनिधिहरूसँग निरन्तर समन्वय गर्दै आएकामा पहिलो प्रयास सफल भएको छ”, उहाँले भन्नुभयो, “यो एउटा सामूहिक पहलकदमी हो र सङ्घीय सरकारको नीतिगत व्यवस्थाअन्तर्गत कार्यान्वयन भएको हो, यो मानवीय सहयोगको महत्वपूर्ण पाटो पनि हो ।”

नेपालले अमेरिकाबाट थप खोप खरिदका लागि समेत पहल गरिरहेको छ तर खोपको माग अत्यधिक भएकाले कतिपय कम्पनीहरूले सन् २०२१ सम्मका लागि नयाँ सम्झौता गर्न नसकिने बताइरहेका छन् । नेपालले खोपको आयात गर्न र भण्डारण गर्न पूर्वाधारसमेत निर्माण गर्नुपर्ने हुन्छ । त्यसका लागि अझ बढी समय लाग्नसक्ने जानकारहरूको भनाइ छ ।

### *सप्तरीमा महिला र ...*

र जिज्ञासा राखेका थिए ।

गोष्ठीमा जेष्ठ नागरिक महासंघका प्रदेश २ अध्यक्ष शंकर शारदा, महिला मानवअधिकार रक्षक सञ्जाल सप्तरीका अध्यक्ष एवम् एकल महिला समूहकी प्रदेश २ अध्यक्ष अनिता देवकोटा, सप्तरीकी दोस्रो शिक्षिका मन्जु श्रेष्ठ, कारागार कार्यालय प्रमुख सुमन कोइराला, रासस सप्तरी प्रमुख नानीमैया कटवाल, निलहिरा समाजका रामप्रसाद चौधरी, समग्र जनउत्थान केन्द्रकी सुष्मा गुप्ता, जिल्ला कानुनी सहायता अधिकृत रामप्रसाद गौतमलगायतले प्रतिवेदनमाथि टिप्पणी र सुझाव राखेका थिए ।





सार्वजनिक स्थलमा जाँदा जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं




## राजविराज नगरपालिकाको कार्यालय, सप्तरी

लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु



भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं

सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं

पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं

हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं

भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं

साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*